# रतुवामाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सिजुवा,मोरङ                                                    कोशी प्रदेश ,नेपाल

प.सं.: ०७९/८०
च.नं. 9603

रतुवामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिजुवा, मोरङ
कोशी प्रदेश, नेपाल

मिति : २०८०/०१/१०

श्री वडा समितिको कार्यालय सबै
रतुवामाई नगरपालिका , मोरङ।

विषय : वडा स्तरीय सहजिकरण समितिको विवरण पठाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस रतुवामाई नगरपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको व्यवस्थापन सम्बन्धमा **भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८** को (४) अनुसार स्थलगत रुपमा तथ्यांक संकलन,नाप नक्साको काममा सहजीकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुर्याउन देहाय अनुसार वडा स्तरीय भूमिहीन दलित , भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासी सहजीकरण समिति गठन गर्नुपर्ने व्यवस्था अनुसार ताहा वडामा समिति गठन भैसकेको भए सोको विवरण र गठन नभएको भए गठन गरेर वडा स्तरीय सहजिकरण समितिको पदाधिकारीहरुको सम्पर्क नं सहितको विवरण ७ (सात दिन ) भित्र उपलब्ध गराईदिनुहुन अनुरोध छ।

**वडा स्तरीय भूमिहीन दलित , भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासी सहजीकरण समिति**

क ) वडा अध्यक्ष – अध्यक्ष
ख) वडा सदस्यहरु - सदस्य
ग) सम्बन्धित वडामा क्रियाशील राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दलले खटाएका एक/एक जना प्रतिनिधि – सदस्य
घ) सम्बन्धित वडामा क्रियाशील किसान, सुकुम्बासी,भूमि, बसोवास लगायतको क्षेत्रमा काम गरिरहेको संघ संगठन वा नागरिक समाजबाट नदोहोरिने गरि वडा स्तरीय सहजीकरण समितिले मनोनयन गरेका प्रतिनिधि ( कम्तिमा एक महिला र एक दलित/अल्पसंख्यक सहित ३ जना) - सदस्य
ङ ) वडा सचिव – सदस्य सचिव

.......................................
हरिहर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

हरिहर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत